# पन्ध्रौ गाउँसभामा प्रस्तुत आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम

यस गरिमामय गाउँसभाका उपाध्यक्षज्यू, सचिव ज्यू, सदस्य ज्यूहरु, सञ्चारकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु।

यस बोगटान फुडसिल गाउँपालिकाको पन्ध्रौ गाउँसभामा आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । नेपालको संविधानले परिकल्पना गरे बमोजिम बोगटान फुडसिल गाउँपालिकाले स्थानीय सरकारको रुपमा रही सात वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा ल्याई सकेको छ। यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त गाउँ निर्माण तथा सभ्य र सुसंस्कृत समाज एवम् आफ्नो कर्तव्य प्रति दृढ रहनु यस गाउँपालिकाका आदर्श हुनेछन् । गाउँको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित बोगटान फुडसिल गाउँपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा सहयोग गर्नुहुने राजनीतिक दलहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार तथा बोगटान फुडसिल गाउँवासीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन्। संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको नीति नियमको परिधिभित्र रही आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सिमित स्रोत साधनको महत्तम उपयोग गरी गत आर्थिक बर्षमा हामीले हासिल गरेका उपलब्धीहरु वुँदागत रुपमा उल्लेख गर्ने अनुमती चाहन्छु ।

१. गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विषयका कानुनहरु निर्माण गरी कार्यान्वयन प्रारम्भ गरेका छौं।

२. गाउँपालिकाको मुख्य प्रशासनीक भवनको ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ।

३. आवश्यक पर्ने प्राविधिक लगायत अन्य जनशक्तिको व्यवस्था गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइएको छ ।

४. स्वास्थ्य संस्थाहरुमा औषधीको व्यवस्था गरि आधारभुत स्वास्थ सेवाको प्रत्याभुति गरिएको छ ।

५. न्यायिक समिति मार्फत विभिन्न उजुरीहरुको किनारा लगाउने काम भएको छ ।

६. कृषिको उत्पादकत्व वढाउन किसानहरुलाई विभिन्न कृषि सामग्री तथा विउ विजन वितरण गरिएको छ ।

७. विभिन्न स्थानमा ट्र्याक खोल्ने तथा सडकको स्तरोन्नतिका कामहरु सम्पन्न भएका छन्।

८. नेपाल बिद्युत प्राधिकरणले राष्ट्रिय प्रशारण लाईन बिस्तार गर्ने कार्य अगाडी बढेको छ। ।

९. विभिन्न स्थानमा एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरी जनतालाई घरदैलोमा सेवा पुर्याउने प्रयास गरिएको छ ।

कमल बहादुर भडसिला
अध्यक्ष

बोगटान फुडसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बबराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

१०. सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरी रोजगारी सिर्जनाको प्रयास थालिएको छ ।

११. स्वास्थ्य चौकि नभएका ठाउँहरुमा स्वास्थ्य चौकि भवन निर्माणको कार्य सम्पन्न भएका छन् र स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन र नागरीकलाई स्वास्थ्य सेवाबाट बञ्चित हुनबाट रोक्न बिभिन्न वडाहरुमा सामुदायिक स्वास्थ्य ईकाईको स्थापना गरिएका छन।

१२. १ नम्बर वडालाई बालमैत्रि स्थानिय शासन घोषणा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

१३. प्रदेश सरकार संगको समन्वयमा SR-6 जानेबाटो निर्माण कार्य अगाडी बढेको छ।

१४. यसै आ.व.देखि कक्षा आठको परिक्षालाई पालिका स्तरीय संचालन गरी विद्यालय समायोजन तथा मिलान कार्य अगाढी बढेको छ।

१५. सडक गुरुयोजना तथा विभिन्न क्षेत्रको वातावरणीय प्रभाव मुल्याङ्कन कार्य अगाढी बढेको छ।

१६. महिलासंग उपाध्यक्ष कार्यक्रम अन्तर्गत विभिन्न ठाँउहरुका कुटानी पिसानी मिल वितरण, आधारभूत पत्रकारिता तालिम तथा विभिन्न जनचेतनामुलक कार्यक्रमहरु सम्पन्न भएका छन्।

१७.यस पालिकाका विभिन्न वडाका टोलहरु पुर्ण सरसफाईयुक्त घोषणा भएका छन् र केहि प्रकृयामा रहेका छन्।

१८ यस पालिकामा कार्यरत विभिन्न गैरसरकारी संस्था र यस पालिकाको सहकार्यमा विभिन्न कार्यक्रमहरु संचालन भएका छन्।

१९. कर्णाली तथा सेती नदिको जलचर प्राणी संरक्षणका लागि विभन्न पालिकाहरुसंग समन्वयात्मक बैठक सम्पन्न भएको छ।

२०. नेपाल प्रहरी, जिल्ला अदालतसंगको सहकार्यमा लागू पदार्थ तथा न्यायिक सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।

२१.पालिका स्तरीय सित भण्डार निर्माण कार्य अगाढी बढेको छ।

२२. बोगटान फुड्सिल गाउँपालिकामा खरमुक्त छाना घोषणा कार्यक्रम निरन्तर संचालनमा रहेको छ।

२३. यसै आ.व. देखि उपभोक्ता समितिहरुलाई काम कर्तव्य अधिकार बारे तालिम दिने कार्यको सुरुवात भएको छ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

अब म आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## (क) आर्थिक विकास

१. कृषक तथा पशुपालक किसानलाई अपनत्व बोध गराउन गाउँपालिकाबाट प्रदान गरिने अनुदानलाई लागत सहभागिताको आधारमा वितरण गरिने व्यवस्था मिलाईने छ ।

२. कृषक पाठशालालाई निरन्तरता दिईनेछ। धान, गहुँ र मकै जस्ता अन्नबाली एवम् विभिन्न नगदे बाली हरुको उन्नत विउ एवम् कृषि लगाएतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

कमल बहादुर गडसिला
अध्यक्ष

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

३. कृषियोग्य जमिनमा सिचाईको पहुँच पुयाउन साना सिंचाई, पोखरी मर्मत तथा विस्तार गरि सिंचित क्षेत्रफलको विस्तार गरिदै लगिनेछ । बेमौसमी तरकारी खेति उत्पादनको लागि प्लाष्टिक टनेल बनाउने कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
४.हरेक किसानले प्राविधिक सेवा पाउने कुराको ग्यारण्टी गरिनेछ । कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार, सहकारी तथा सामुहिक खेतिलाई प्रोत्साहन गरिनेछ ।

५. सरकारबाट दिइने अनुदानमा सहकारी तथा सामूहिक खेती प्रणालीलाई प्राथमिकता दिइनेछ ।कृषि उत्पादनको बजारिकरण गर्ने देखि आम्दानीको बचत गर्ने सम्मका कार्यको सुनिश्चितता हुने गरि सहकारी संस्थाहरूको सबलिकरण गर्दै कृषकहरुलाई सहकारी संस्थामा आबद्ध गरिनेछ ।

६.किसान सूचीकरण कार्यलाई निरन्तरता दिई कृषकहरुको तथ्यांक अध्यावधिक गर्ने कार्यलाई प्राथमिकताको साथ अगाडि बढाईने छ।

७. कृषि संकलन केन्द्र तथा कृषि थोक बजार निर्माण तथा व्यवस्थापनको लागि जोड दिइने छ ।

८. उत्पादन बढी गर्ने कृषकलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।

९. बीउ प्रतिस्थापन दर बढाउनका लागी धान, मकै तथा गहुँको बीउ उत्पादनका कार्यक्रम संचालन गरि गाउँलाई खाद्यान्नवालीको बीउमा आत्मनिर्भर गराउँदै लगिने छ ।

१०. अदुवा, सुन्तला जातमा नजिकको बजारसम्म पुर्याउन ढुवानीमा अनुदान दिने व्यवस्था मिलाईने छ।

११. बोगटान फुड्सिल गाउँपालिकामा आगामी आ.व.मा उन्नत जातका विरुवाहरुको हाईटेक नर्सरी को स्थापना गरिनेछ।

१२. बढ्दो विषादी प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्युनिकरण गर्न विषादी सचेतनाका कार्यक्रम संचालन गरि प्रांगारिक कृषि तर्फ जोड दिईनेछ ।

१३. फलफूलको उत्पादन बृद्धि, मौरी चरन तथा गाउँको पर्यावरणमा हरियाली बनाउनका लागी व्यवसायिक फलफूल खेती कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

१४. कृषि सम्बन्धी ज्ञान तथा शिप हासिल गरेका गाउँमै कृषि पेशामा संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गरिने छ ।

१५. तरकारी तथा फलफूलमा गाउँलाई आत्मनिर्भर बनाउदै लैजानका लागि अनुदानका कार्यक्रम संचालन गरिने छ ।

१६. परम्परागत तथा रैथाने बालीहरुको प्रबर्द्धन कार्यमा जोड दिईने छ ।

१७. पशुपंक्षी व्यवसायमा आत्मनिर्भर बनाउनको लागि नश्ल सुधार कार्यक्रम, बाझोपन निवारण घुम्ती शिविर, पशुपन्छी उपचार कार्यक्रम, निशुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ । उन्नत जातको गाई भैंसी उत्पादन गरी दुग्ध उत्पादनमा वृद्धि गर्न मागमा आधारित विभिन्न जातको घाँसको बिउ र बेर्ना वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१८. पशुपालक कृषकहरूको क्षमता विकास तथा नयाँ प्रविधिको बारेमा जानकारी दिनको लागि विभिन्न किसिमको तालिम, अन्तर्क्रिया, गोष्ठी, दिवस, प्रदर्शनी र अध्ययन अवलोकन जस्ता कार्यहरु सञ्चालन गरिनेछ

कमल बहादुर गडसिला
अध्यक्ष

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सनगाउँ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

१९. अति गरिब, विपन्न, स्रोत विहिन परिवारहरुको पहिचान गरी आय आर्जनका लागि विभिन्न जातका पशुहरुको वितरण गरिने व्यवस्था मिलाइनेछ ।

२०.कृत्रिम गर्भाधान, उन्नत जातका पशुपालनमा जोडदिनुका साथै पशुपालनका सम्भावित पकेट क्षेत्रको पहिचान गरी कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

२१. कृषि एवम् पशुजन्य उत्पादनको जोखिमलाई न्यूनीकरण गर्न कृषकहरूको सहकार्यमा कृषि एवम् पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

२२. अनुत्पादक क्षेत्रमा हुने खर्च कटौती गरी उत्पादकत्व एवम् आयआर्जनमा वृद्धि र थप रोजगारी सिर्जनामा सघाउ पुर्याउने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

२३. बेरोजगारहरुको सम्भावित पक्तिलाई सूचिकरण गरी व्यवसायिक कृषि, भौतिक पूर्वाधार, स्थानिय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ ।

२४.विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्ययवसाय, उद्योग, कृषि लगायतको क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिने छ ।

२५.प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत भएका बेरोजगार व्याक्तिहरुलाई श्रममा आधारित न्यूनतम रोजगारीमा संलग्न गराइनेछ । साथै प्रधानमन्त्रि रोजगार कार्यक्रम मार्फत संचालन हुने योजनाहरुमा लागत साझेदारी गरी बिकास निर्माणका कार्यक्रम संचालन गरिनेछ।

२६. घरेलु तथा साना उद्योग स्थापनामा जोड दिदै स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई बजारीकरणको उचित व्यवस्थापन गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने नीति अवलम्बन गरिनेछ ।

२७. सहकारी मार्फत बेरोजगार युवा तथा महिलालाई आत्मनिर्भर बनाउन एकीकृत कृषि, उद्योग तथा व्यापारको क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

२८. गाउँक्षेत्रभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको नियमित अनुगमन, मूल्यांकन गरी एकै प्रकारको सहकारी संस्थामा दोहोरो सदस्यता भएको भए कुनै एक प्रकारको सदस्यता कायम गरी सहकारीको राष्ट्रिय नीतिको अवलम्बन गरिदै लगिनेछ ।

२९. किसानहरुलाई बाँझोरहेको जमिनमा जटिबुटी खेती गर्न प्रोत्साहन गर्ने र अनुदानको व्यवस्था मिलाउने

३०. सहकारी संस्थाहरुलाई राष्ट्रिय सहकारी बोर्डको सुझाव अनुसार २ बर्षिय आधारशिला कार्यक्रम सहित सहकारी संस्थामा कार्यरत कर्मचारीलाई दक्ष बनाउन तालिम, गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रम संचालन गरिने छ ।

३१. बोगटान फुडसिल गाउँपालिका भित्रका विभिन्न सांस्कृतिक मठ मन्दीर, धार्मिक स्थल र प्राकृतिक सम्पदाको संरक्षण र संवर्धनको माध्यमद्वारा पर्यटन प्रर्बधनमा जोड दिइनेछ ।

३२. कृषि फर्म, कृषक समुह तथा कृषि सहकारीसंस्थाहरुले एक पटकमा १००० भन्दा वढी बोटविरुवा रोप्न चाहेमा पालिकाबाट अनुदानको व्यवस्था गरिनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

बोगटान फुडसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

३३.गैरसरकारी संघसंस्थाहरु, संघीय सरकार तथा प्रदेश सरकार संग सहकार्य गरेर कृषि तथा पशुपञ्छी सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछन्।

३४. यस गाउँपालिका भित्रका भैसीहरुलाई प्रसुति भत्ता उपलब्ध गराउने नीति लिईनेछ।

३५. सेती तथा कर्णाली नदीमा जल पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

३६.बोगटान फुडसिल क्षेत्रमा रहेका बडिकेदार, सानीकेदार,त्रिवेणि, महारुद्र, सिद्धगुफालाई प्रमुख पर्यटकीय एवं धार्मिक क्षेत्रका रूपमा विकास गरिने छ ।

३७. गाउँ भित्रका महत्वपूर्ण गन्तव्य स्थलको रुपमा रहेको बोगटान फुडसिल क्षेत्रको इतिहास, भूगोल, धर्म र संस्कृति झल्कने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ ।

३८.गाउँ भित्रका मठ मन्दिरहरुको संरक्षण तथा संवर्धन गर्दै गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान र विकासका लागि ऐतिहासिक,धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न पूर्वाधार निर्माण तथा प्रचार प्रसारमा जोड दिइनेछ ।

३९. पर्यटन पूर्वाधार निर्माण र प्रचार प्रसार गर्न बोगटान फुडसिल गाउँपालिकामा जनजातिको रुपमा बसोबास गर्दै आएका समुदायको संस्कृतिको संरक्षण र संबर्धन गर्न आवश्यक कार्यक्रम आयोजना गरिनेछ ।

## (ख) सामाजिक विकास

१. "सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद" को नीति अनुरुप हाल सञ्चालन गरिदै आएका क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै विधवा एवम् एकल महिला बेरोजगार तथा अति पिछडिएका र विपन्न समुदायको लागि रोजगारमूलक तालिमको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

२. गाउँपालिका भित्रका टुहुरा बालबालिकाहरुको आधारभूत आवश्यकताहरु परिपुर्ति गर्न पालिकाले सहयोग गर्ने नीति लिईनेछ।

३.अपांग र बालवालिका लक्षित कार्यक्रमहरु सम्बन्धित लक्षित समुदायको परामर्शमा तय गरी प्रभावकारी रुपमा लागु गरिनेछ ।

४. अपाङ्ग, जेष्ठ नागरिक परिचयपत्र घुम्ती शिविर सञ्चालन गरी वडास्तर बाट वितरण गरिने व्यवस्था मिलाईनेछ ।

५.महिलाहरुको सशक्तिकरणका लागी महिलासँग उपाध्यक्ष कार्यक्रम मार्फत विपन्न, बेरोजगार, पिछडिएका महिलालाई उद्यमि बनाउनको लागि सिपमुलक तालिम प्रदान गर्नुका साथै आवश्यक प्रविधि एवम् उपकरणहरु सहयोग गरिने व्यवस्था मिलाइनेछ ।

६.जेष्ठ नागरिक र अपाङ्ग नागरिकको भावनालाई कदर गर्दै जेष्ठ नागरिक र अपाङ्गमैत्री वातावरणको सिर्जना गरी हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरि आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ

७.वडा समिति, आमा समूह, स्थानीय युवा क्लब,युवा संजाल,राजनैतिक दल, समुदाय र सुरक्षा निकायको सहकार्यमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम मार्फत समाजमा विद्यमान समस्याको रुपमा देखिएको लागु पदार्थ सेवन र दुर्व्यसन न्यूनिकरणका कार्यक्रमका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

कमल बहादुर गडसिला
अध्यक्ष

बोगटान फुडसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चक्रचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

८.बाल संरक्षण गृह, सुधार केन्द्र, रिफ्रेस सेन्टर तथा सेफ हाउस स्थापना गरी सञ्चालन गर्न चाहने सामाजिक संघ- संस्था एवम् निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

९.वडा तथा गाउँस्तरीय युवा संजालको चौतर्फि विकासको लागि विशेष कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

१०.लैंगिक मैत्री, बालश्रममुक्त तथा बालमैत्री, अपांगता मैत्री, ज्येष्ठ नागरिक मैत्री गाउँ बनाउने अभियान संचालन गरिनेछ

११. जनजाति, , दलित, अशक्त तथा विपन्न समूदायलाई लक्षित गरी उनीहरुको उत्थान एवम् क्षमता विकासमा सहयोग पुग्ने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइ संचालन गरिने छ ।

१२. सबै किसिमका सामाजिक विभेद ( जातीय, लैंगिक, धार्मिक, भाषिक, सांस्कृतिक ) जस्ता विभेदहरुलाई निषेध एवम् निरुत्साहित गरिने छ ।

१३. लैंगिक तथा घरेलु हिंसा, यौन शोषण लगाएत जोखिममा परेका बालबालिका, अपांगता, एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरी सशक्तीकरणका माध्यमबाट मूल प्रवाहमा ल्याइने छ ।

१४. श्रमिक महिला र पुरुषहरुको ज्याला समान हुनेगरी निर्धारण गरिनेछ । महिला श्रमिकको आवस्यकता र शिशु स्याहार हकलाई आत्मसाथ गरिने छ ।

१५. परम्परागत पेसा, सीप र व्यवसायलाई प्रोत्साहन गरी गरिबी न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै लगिनेछ ।

१६. जनप्रतिधिनि कर्मचारी युवा राजनीतिक दलका प्रतिनीधि तथा संघसंस्था प्रतिनिधिहरुको नेतृत्व विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१७. बढ्दो वसाईसराईलाई मध्यनजर गर्दै बसै सरोकारवाला पक्षहरुसंग आवश्यक समन्वय र सहकार्य गरी वसाईसराई नियन्त्रण गर्न ठोस कार्यक्रमहरु संचालन गरिनेछ।

१८. पालिकाबाट प्रदान गरिने सेवाहरूमा असहाय, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवति सुत्केरी र अशक्तलाई सेवामा प्राथमिकता दिइनेछ ।

१९. बाल बालिकाहरुको खोप कार्यक्रम लाई प्रभावकारी रुपले संचालन गरि प्रत्येक वर्ष पुर्ण खोप सुनिश्चितता निरन्तरता दिइने छ। खोप क्लिनिक, कोल्ड चेन सेन्टर थप व्यवस्थित गरिने छ

२०. क्षयरोग मुक्त बोगटान फुडसिल अभियान सफल पार्न माइक्रोस्कोपि क्याम्प संचालन गरि समुदायमा रहेका बिरामीको पहिचान गरी उपचार गरिनेछ ।

२१. क्यान्सरबाट पिडित नागरिकलाई आवश्यक सहयोग गर्न बजेटको व्यवस्था गरिनेछ।

२२. गुणस्तरिय स्वास्थ्य सेवा पाउने नागरिकको हकलाई सुनिश्चित गर्दै यस बोगटान फुडसिल गाउँपालिका भित्र संचालित स्वास्थ्य संस्थाबाट प्रदान गर्दै आएको स्वास्थ्य सेवालाइ गुणस्तर नियमन तथा अनुगमनको संस्थागत व्यवस्था मिलाइ प्रदान गर्दै आएको सेवाहरुको अनलाइन इन्ट्रि रिपोर्टिङ गर्ने व्यवस्था थप प्रभावकारी बनाईने छ।

२३.स्वास्थ्य संस्थाजन्य जोखिमयुक्त फोहर व्यवस्थापन तथा निर्मलकरणका लागि गाउँ भित्र संचालित स्वास्थ्य संस्था, अस्पताल, मेडिकल ल्याबहरुबाट निस्किने फोहरको उचित व्यवस्थापनका लागी आवश्यक पहल गरिनेछ ।

कमल बहादुर गडसिला
अध्यक्ष



बोगटान फुडसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकरचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

२४. पालिकास्तरमा एक आँखा उपचार केन्द्र स्थापना गरिनेछ।

२५. आयुर्वेदिक तथा होमियोप्याथि लगायतका बैकल्पिक चिकित्सा सेवालाई विकास तथा विस्तारमा प्रोत्साहान गरिनेछ साथै औषधीको अनुचित प्रयोगलाई निरुत्साहित गरिनेछ ।

२६. गाउँ भित्रका स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र सेवाको समतामूलक पहुँच एवं गुणस्तर वृद्धि गर्न स्वास्थ्य क्षेत्रको पुनःसंरचना गरिनेछ ।

२७. पुर्ण संस्थागत सुत्केरी (प्रसुति) सेवाको लागी निःशुल्क एम्बुलेन्स सेवाको निरन्तरता दिईने छ । गाउँ भित्रका पहुँच देखि तुलनात्मक रुपले टाढा रहेका ठाउँहरुमा बर्थिङ सेन्टरको क्रमशः स्थापना गरिने छ ।

२८. बाल स्वास्थ्य प्रवर्द्धनको लागि खोप केन्द्र भवन नभएका स्थानमा क्रमश खोप केन्द्र निर्माण गरिनेछ ।

२९. महिला स्वास्थ्य स्वयम सेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गरिनेछ । महिला स्वास्थ्य स्वयंम सेविकाहरुले गरेको

योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयंम सेविकाकाहरुलाई सम्मानको ब्यवस्था गरिनेछ ।

३०. गाउँपालिकाभित्र दिर्घरोगिहरुको संख्या न्यूनिकरण गर्न , कुष्ठरोग खोजपडताल कार्यक्रम, HIV हैजा विरुद्धको खोप, आँखा शिविर क्यान्सर शिविर तथा महिलाको लागि पाठेघर स्क्रिनिङ्ग जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. गाउँपालिकाका सम्पूर्ण गाउँवासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन "एक घर एक धारा" कार्यक्रम सहित सबै गाउँबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन संघीय र प्रदेश सरकारको समन्वयमा पाइपलाईन विस्तार, ओभरहेड ट्याङ्की निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

३२. फोहरमैलाको दिर्घकालिन व्यवस्थापनलाई थप व्यवस्थित गर्न सर्वदलीय, सर्वपक्षीय छलफलबाट स्थानको पहिचान गरी थप व्यवस्थित गर्दै लगिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

३३. विद्यालयलाई सूचना प्रविधियुक्त बनाउने कार्यको थालनी गरिनेछ । कक्षा कोठामा गरिने शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई महत्व दिदै प्रविधिमैत्री शिक्षकहरुबाट अन्य शिक्षकहरुमा सीप हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ ।

३४.शिक्षण कार्यलाई सूचना प्रविधि मैत्री बनाई पाठयोजना र शैक्षिक सामग्री सहितको शिक्षणलाई प्रोत्साहन गरिने छ।

३५. विद्यालय, कार्यालय र महत्वपूर्ण सार्वजनिक क्षेत्र भित्र मद्यपान, धुम्रपान, लागु दुर्व्यसनीलाई पूर्णरुपमा निषेध गर्ने नीति अवलम्बन गरिनेछ ।

३६. विद्यालयको शैक्षिक गुणस्तर परिक्षण सिकाई उपलब्धि वृद्धी र प्रविधिमैत्री शिक्षणलाई आधार मानी उत्कृष्ट विद्यालय र शिक्षकहरुको मूल्यांकन गरी पुरस्कृत गरिने व्यवस्था मिलाइनेछ साथै अनुभव आदानप्रदानका लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

३७. वालवालिकाहरुको सिकाइ क्रियाकलाप अभिवृद्धि गर्न विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा सुचना प्रविधिको व्यवस्था गरिने छ ।

कमल बहादुर गडसिला
अध्यक्ष

३८. स्थानीय पाठ्यक्रममा सुधार एवम् विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिने छ ।

३९. विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था गरिने छ। विद्यालयमा जङ्कफुड' निषेध

गर्दै प्राथमिक तहका बालबालिकाहरुलाई निशुल्क, स्वच्छ र स्वास्थ्यवर्धक खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४०. पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म रमाइलो र सजावटयुक्त वालमैत्री कक्षा व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।

४१. विद्यालयमा अध्ययनरत सबै छात्राहरुलाई निःशुल्करुपमा उपलब्ध गराउँदै आईरहेको आवश्यक पर्ने सेनेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४२. सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग पहल गरिनेछ ।
४३.गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा लगानी प्रक्रिया र उपलब्धिमा संतुलन कायम गर्न कार्ययोजना बनाई गुणस्तर अनुगमन संचालन गरिनेछ ।

४४. आगामी आ.व. बाट कम्तिमा एउटा खेलको लागि खेलकुद प्रशिक्षक नियुक्त गरिनेछ।

४५. माद्यामिक विद्यालयका विद्यार्थीहरुलाई लघुउद्यम तथा सिप विकाससंग जोड्ने गरी कार्यक्रम संचालन गरिनेछ।साथै प्राबिधिक शिक्षालाई थप प्रभावकारी , गुणस्तरीय तथा दायरा बढाउन एक कोषको स्थापना गरिनेछ।

४६. आगामी आ.व. मा सम्पुर्ण विद्यार्थिहरुको मुटुको परिक्षण गर्न आवश्यक पहल गरिनेछ।

४७. विद्यालयमा योगशिक्षा संचालन गर्न आवश्यक बजेटको विनियोन गरिनेछ।

४८."स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" अभियानलाई सार्थक बनाउन बोगटान फुडसिल गाउँपालिका अन्तरगत खेलका लागि उचित स्थानहरुको DPR बनाई पूर्वाधार निर्माणको कार्य सुरुवात गरिनेछ । युवाहरुलाई खेलकुद तर्फ प्रोत्साहित गर्न विद्यालय स्तरीय, वडा स्तरिय तथा पालिका स्तरिय खेलकुद प्रतियोगिता संचालन गरिनेछ।

४९.पालिकाको गुरुयोजना अनुसार गाउँपालिका क्षेत्रमा रहेका खेलकुद मैदानहरु मध्ये राष्ट्रिय क्षेत्रीय र स्थानीय रङ्गशाला निर्माणका लागि उपयुक्त स्थानहरुको पहिचान गरी प्राथमिकताका आधारमा संघ प्रदेशसंग सहकार्यगरी निर्माण कार्य अघि बढाइनेछ ।

५०. खेलकुदलाई व्यवस्थित र मर्यादित बनाउनको लागि गाउँ स्तरीय खेलकुद समिति व्यवस्था गरिनेछ ।

५१. युवाहरुको क्षमता, सिप, अध्ययन, अनुसन्धान लगायतका कुराहरुलाई व्यवस्थित र वैज्ञानिक ढंगले सञ्चालन गर्न र युवाहरुको अर्थपूर्ण सहभागीता र नेतृत्वलाई जोड दिन स्थानीय युवा नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु,

५२. हुडूकेली, पञ्चेबाजा, मारुनी नाच, फाग आदीको प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

५३. सहिद परिवार तथा घाईते अपाङ्गहरुको लागि आवश्यक कार्यक्रमहरु ल्याईनेछ।

५४. पालिकाका विभिन्न क्षेत्रमा योगदान गरेका तथा पालिकालाई राष्ट्रीय अन्तराष्ट्रीय क्षेत्रमा चिनाउन सफल व्यक्तित्वहरुको सम्मान गरिने नीति ल्याईनेछ।

५५. छिमेकी पालिका, छिमेकी जिल्ला र छिमेकी प्रदेशसंग समन्वय र सहकार्य गरी कार्यक्रमहरु संचालन गरिनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष



बोगटान फुडसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

५६. विभिन्न दातृ निकाय तथा गैरसरकारी संस्थाहरुलाई यस पालिकामा लगानी गर्न आवश्यक सहयोग र समपुरक कोषको व्यवस्था गरिनेछ।

## (ग) पूर्वाधार विकास

१.गाउँको समृद्धिको आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार भन्ने नारालाई आत्मसाथ गरी सडक निर्माण तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. सडक गुरुयोजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

३. योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्रै सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ आवश्यक पहल गरिनेछ ।

४. सडकको सर्भे डिजाइन गर्दा सो क्षेत्रमा पर्ने वन, विद्युत पोल, तार, नाली विस्तार समेत समावेश गरी एकिकृत डिजाइन इष्टिमेट तयार गरी कार्यान्वयनमा ल्याइनेछ । लागत सहभागितालाई स्थान विशेष तथा योजनाको प्रकृति अनुकुल परिमार्जन गर्दै लगिनेछ ।

५. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही बालमैत्री, मानवमैत्रि अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित बनाइनेछ ।

६. बोगटान फुडसिल भवन निर्माण संहिता समयानुकुल परिमार्जन गरी लागू गरिनेछ ।

७. गाउँको व्यवस्थित बस्ति निर्माणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणबद्धरुपमा तालिमको ब्यवस्था गरिनेछ ।

८. विद्युतको राष्ट्रिय प्रशारण लाइन जडान गर्न नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण केन्द्रसँग समन्वय गरी भईरहेको काम समयमै सम्पन्न गरिनेछ ।

९. जटिल प्रकृतिका आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई समपन्न गरिनेछ ।

१०. उपभोक्ता मार्फत सञ्चालन गरिनें योजनाहरुलाई प्रभावकारीरुपमा सञ्चालन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकासको तालिम सञ्चालन गरिनेछ ।

११. उपभोक्ता समितिबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका योजनाहरुमा जन सहभागिता हुने गरी योजना सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।

१२.धिर्कामाण्डौ, सातफरी र चवराचौतारामा रहेका लघु जलविद्युत र गराजुमा रहेको सौर्य उर्जा आयोजनाहरुलाई नियमित संचालनको लागी आवस्यक मर्मत सम्भारको निरन्तरता दिइनेछ ।

१३. कैलाली जिल्ला देखि बोगटानसम्म र दिपायल देखि बोगटानसम्मको सार्वजनिक यातायातको भाडादरलाई नियमन गर्न आवश्यक पहल गरिनेछ।

बोगटान फुडसिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चवराचौतारा, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

कमल बहादुर गडसिला
अध्यक्ष

## घ) वन, वातावरण तथा विपद व्यवस्थापन

१. वन्यजन्तुको अवैध शिकार, चोरी निकासी तथा ओसारपसार रोक्न आवश्यक पहल गरिनेछ। वन संरक्षणको लागि गाउँक्षेत्रका विभिन्न सामुदायिक वन उपभोक्ता समितिहरुसँग सहकार्य गरिने छ.। दर्ता भएका सामुदायिक वनहरुलाई गाउँपालिकाको राजश्वको दायरामा ल्याईनेछ।

२. जीविकोपार्जनका लागि वनजंगलको अवधारणालाई सार्थक तुल्याउन गाउँपालिकाभित्र रहेका सामुदायिक वनमा नकारात्मक प्रभाव नपर्ने गरी कार्ययोजना बनाइ सामुदायिक तथा निजी क्षेत्रको लगानीमा पार्क र पिकनिक स्थलको स्थापना गरी सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

३. प्राकृतिक सम्पदाहरुको बढ्दो अतिक्रमण लाई नियमन र नियन्त्रण गर्न वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण, नदी लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गर्दै लगिनेछ।

४. "विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ।

५. गाउँ विपद् प्रतिकार्ययोजना बनाई नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, स्थानीय क्लब तथा संजाल, राजनैतिक दल,संचारकर्मी, स्काउट र रेडक्रससँग सहकार्य गरी विपद न्यूनिकरण एवम् व्यवस्थापनको क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

६. बोगटान फुडसिल गाउँपालिकाको विपद् जोखिम न्युनिकरणका सामाग्री सहितको विपद् व्यवस्थापन केन्द्रको रूपमा स्थापना गरी सञ्चालनमा ल्याइने छ।

७ उन्नत र सुधारिएको चुल्होको प्रयोगमा बढावा दिदै नविकरणिय उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

८. सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रुपमा आयआर्जन हुन सक्ने जडिबुटी, काठ, दाउरा, घाँसका लागि बहुमूल्य बोट विरुवाहरुको वृक्षरोपण गर्न प्रेरित गर्दै लगिनेछ। सामुदायिक वनको कोषलाई गाउँपालिकासँगको समन्वय र सहकार्यमा विकासका आयोजनाहरुमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

९. सेती तथा कर्णाली नदीमा जलचर प्राणिहरुको संरक्षण गर्न आवश्यक नीति लिईनेछ।

१०. यसै आ.व.मा ढुङ्गा, गिट्टी तथा बालुवाको वातावरणीय प्रभाव मुल्याङ्कन गरी आगामी आ.व. देखि ढुङ्गा, गिट्टी तथा बालुवा तथा प्राकृतिक स्रोतको उपयोगलाई राजश्वको दायरा ल्याईनेछ।

## (ङ) सुशासन तथा सेवा प्रवाह

१. नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्नेऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२. गाउँपालिकाबाट सम्पादन गरिने कार्य प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिम रहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष



बोगटान फुडसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

३. स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी बनाउँदै निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याइ विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४. सेवाप्रवाहलाई सरलिकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिनेछ। जनतालाई  सरल विधिबाट समयमै सेवा प्रदान गर्न गरि गाउँपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागु गरिनेछ।

५. गाउँपालिकामा यसै बर्ष डिजिटल नागरिक वडापत्र राखिनेछ। सेवाप्रवाहलाई प्रक्रियामुखि नभई परिणाममुखि बनाईनेछ।

६. जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी गाउँवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढिकरण गरिनेछ।

७. पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ। गाउँपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरुमा छिटो छरितो, चुस्त दुरुस्त र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीबाट सेवा प्रवाह गरिनेछ।

८ सार्बजनिक खरिद तथा नियमावलिको अधिनमा रहि यसै अर्थिक बर्ष देखि खरिद कार्य  एकद्वार प्रणालीबाट गरिनेछ।

९. नियमित रुपमा सार्वजनिक सुनुवाई सामाजिक परीक्षण गर्ने प्रबन्ध मिलाईनेछ। सुचनाको हक प्रत्याभुत गराउन सुचनाको वर्गिकरण गरि नियमित रुपमा गाउँपालिकाको आधिकारिक वेवसाईट मार्फत सुचना प्रकाशन गरिनेछ।

१०. सञ्चारकर्मीलाई उच्च मनोबलका साथ जनतालाई सुसुचित गर्न प्रोत्साहन गरिनेछ।

११. कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोबल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन गराइनेछ साथै उत्कृष्ट कर्मचारी पुरस्कारको शुरूवात गरिने छ। साथै कर्मचारीहरुको वृत्ति विकास सम्बन्धी मापदण्ड तथा कार्यविधी कार्यान्वयनमा ल्याइने छ।

१२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ जसको लागि एम.आई.एस. अपरेटर, फिल्ड सहायक वडा सचिव तथा अन्य कर्मचारी सेवा प्रदायकलाई आवश्यक तालिम प्रदान गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

१३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना कार्यान्वयन गर्न प्रत्येक वडामा दर्ता शिविर सञ्चालन गरिनेछ।

१४. उपभोक्ताहरुको हितलाई मध्यनजर राखि गुणस्तरीय उपभोग्य वस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमन गर्ने कार्य अगाडि बढाईनेछ।

१५. वडाको क्षेत्रफल, जनसङ्ख्या, भौगोलिक विकटता, आन्तरिक राजश्व समेत आधार मानी वडागत बजेट तथा सिलिङ निर्धारण र विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासको नीतिलाई अबलम्बन गरिनेछ।

१६. करको दर कम र दायरा फराकिलो बनाउन प्रगतिशिल कर प्रणाली लागु गरिनेछ।

१७. गाँउघर समाजमा उत्पन्न विवादको सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ता मार्फत सम्भव भएसम्म दुवै पक्षलाई मेलमिलाप र समझदारी गराई विवाद निरुपण गरिनेछ।

कर्ण बहादुर गडसिला
अध्यक्ष

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

१८. पालिकामा लागू हुने अथवा भएका संघीय तथा प्रदेश स्तरका योजनाहरुलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य गर्ने नीति अबलम्वन गरिनेछ।

**अन्त्यमा,**

१९. न्याय प्रणालीलाई पहुँचयोग्य र सरलिकृत गरी न्यायिक समितिमा दर्ता भएका मुद्दाको निष्पक्ष छानविन गरि न्याय निरुपण गरिनेछ ।

२०. न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ । न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्धाहरुको निष्पक्ष छानबिन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुती हुनेगरी समयमै न्याय सम्पादन गरिनेछ ।

२१. सुशासन प्रबर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि "म भ्रष्टचार गर्दिनँ, म भ्रष्टचार हुन दिन्नँ, म देश र जनताका लागि ईमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गरिनेछ ।

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकारका सांसदज्यूहरु, , गाउँपालिकामा क्रियाशील राजनीतिक दल, युवा क्लबहरु. सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण बोगटान फुडसिल बासी आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु । विकासका लागि एक्यबद्धतामा साथ दिनु हुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, नागरिक समाज, सञ्चारकर्मी, कर्मचारी, सहयोगी हातहरु लगायत सम्पूर्ण गाउँवासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु साथै देश भित्र र देश बाहिर रहनु भएका सम्पूर्ण बोगटान फुडसिल गाउँबासीहरुले गाउँको विकासमा सकारात्मक र रचनात्मक सुझाव, सल्लाह, सहयोग तथा सहकार्य गरी योगदान गर्नुहुनेछ भनि अपेक्षा लिएको छु।

धन्यवाद । नमस्कार ॥

२०८१ बैशाख ७ गते शुक्रबार

बोगटान फुडसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

कमल बहादुर गडसिला

अध्यक्ष

बोगटान फुडसिल गाउँपालिका, डोटी

कमल बहादुर गडसिला

अध्यक्ष